# राजस्व न्यायाधिकरण काठमाडौ
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री नरनाथ गिरी
## लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई
## फैसला

२०७६।०७७ सालको निर्णय नं. १२८

पुनरावेदन नं.०७५-**RB**-०१४०

**मुद्दाः- आयकर (२०७०/०७१) ।**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.२, चौधरी हाउस, सानेपमा प्रधान कार्यालय रहेको सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.का अख्तियार प्राप्त ऐ.का नायव प्रबन्धक टिकाराज कार्की ......................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर ..........................................१
आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट काठमाडौं,.......................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक श्री शंकर प्रसाद खरेल ।

शुरु निर्णय मितिः २०७२/०४/२१

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको ठूला करदाता कार्यालय, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाता सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.ले आ.व. २०७०/०७१ को आय आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार कर योग्य आय रु. ७५७०५९९५।९८ करयोग्य आय कायम गरी मिति २०७१/०९/२८ मा विवरण पेश गरेको।

२. करदाताले आ.ब.०७०/०७१ पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा कर लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाउने खर्च दावी भएको र सोही ऐनको दफा १०१ बमोजिम कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको नाममा मिति २०७२/०४/०६ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७२/०४/०६ मा जारी भएको सूचना करदाताले बुझिलिई सोको प्रतिक्रिया सहितको लिखित जवाफ मिति २०७२/०४/१४ मा पेश गरेको।

४. आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करदाताको आ.व. २०७०/०७१ को लागि रु. ७,८२,०२,७७५।११ कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२/०४/२१ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७२/०४/२१ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/०५/२० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले आ.ब. ०७०/०७१ मा विक्री वितरण खर्च अन्तर्गत अन्य विज्ञापन खर्च भनेर दावी गरेका खर्चलाई पुष्टी गर्ने विल भरपाई समेत संलग्न नभएको, व्यवस्थापन खर्च अन्तर्गत रिकभरी खर्च भनी वित्तीय विवरणको अनुसूची १० मा उल्लेख गरी सो खर्चलाई पृष्टी गर्ने आधारिक प्रमाण पेश गर्न नसकेको अग्रिम करकट्टी गरी दाखिला गरेको रिकभरी खर्च भनि खर्च कट्टी दावी गरेको त्यस्तै मेस खर्च शिर्षकमा कर्मचारीहरुको **working lunch** अन्तर्गत लेखिएको वास्तविक खर्च हो भनी दावी

भएका केही भौचर साथ विजक तथा भरपाई लगायत कुनै प्रमाणहरु संलग्न नभएको, व्यापार प्रबद्धन खर्च वापत हवाई टिकट कैन्सीलेसन शुल्क भनी खर्च दावी गरेकोमा सो खर्च व्यवसायीसंग सम्बन्धित नभै व्यक्तिगत प्रकृतिको भएको र व्यवसायको कुनै आय आर्जन हुन सक्ने अवस्था समेत देखिन नआएको, सि.सि.क्यामरा जडान गरेको खर्च मर्मत तथा सुधार खर्च कट्टी दावी गरेकोमा पूजीगत सामानमा भएको खर्च रकमलाई ह्रास खर्च दावी गर्नुपर्ने चालू खर्च भित्र पर्न सक्ने अवस्था देखिन नआएको हुदाँ विपक्षी कार्यालयले खर्च कट्टी गर्न नमिल्ने भनी मिति २०७२/०४/२१ को निर्णय बदर गरी पाउँ भन्ने समेत जिकीर लिई करदाताको तर्फबाट मिति २०७५/०८/१६ मा पुनरावेदन पत्र दर्ता भएको ।

## <u>ठहर खण्ड</u>

७. नियम बमोजिम पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पुरावेदकका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ताद्वय श्री टिकाराम कार्की र मेघराज पोखरेलले पुनरावेदक करदाताले विज्ञापन खर्च, रिकभरी खर्च पृष्टी गर्ने प्रमाण उपलब्ध नगराइएको एजेन्सी मार्फत विज्ञापन गर्दा गरेको विल मान्ने तर **wall** मा गरेको विज्ञापनलाई नमान्ने मेस खर्च अन्तर्गत कर्मचारीलाई खाजा उपलब्ध गराइएको त्यस्तो खर्चलाई **working lunch** अन्तर्गत राखी समावेश गरिएको हो।सोही शिर्षक अन्तर्गत विल भरपाई पेश गरी वास्तविक खर्चलाई अमान्य हुने गरी निर्णय भएको , उद्योग वाणिज्य महासंघको सदस्यतालाई अमान्य मानेको, हवाई कैन्सिलेसन खर्चलाई पनि व्यवसायसंग सम्बन्धित नभएको र सि.सी.क्यामरा मर्मत तथा सुधार खर्चको कट्टीलाई पनि पुजिगत ह्रास खर्च दावी नगरि देखाइएको भनी शुरु कार्यालयबाट भएको निर्णय बदरभागी छ। उक्त निर्णय उल्टी गरी पुनराबेदकको पुनराबेदन जिकिर बमोजिम कायम भएको करयोग्य आयबाट पुनराबेदकले आयकर छुट पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. प्रत्यर्थी ठूला करदाता कार्यालय समेतको तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान उपन्यायाधीवक्ता श्री शम्भु कुमार बस्नेतले करदाताले विज्ञापन खर्च, रिकभरी खर्च भनेर दावी गरेको भएतापनि कुनै पुष्टी गर्ने प्रमाण उपलब्ध नभएको मेस खर्च अन्तर्गत कर्मचारीलाई खाजा उपलब्ध गराएको त्यस्तो खर्चलाई working lunch अन्तर्गत मेस खर्च लेखिएको उल्लिखित खर्च वास्तविक खर्च भनी दावी गरेको भएपनि कुनै विजक भरपाई पेश नगरी विल भरपाई विनाको खर्चलाई खर्चकट्टी दिन मिल्ने देखिन आएन।हवाई टिकट कैन्सिलेसन शुल्क भनी खर्च दावी गरेको

भएपनि सो खर्च व्यवसायसंग सम्बन्धित नभै व्यक्तिगत प्रकृतिको भएको, सि.सि.क्यामरा जडान मर्मत तथा सुधार खर्चको खर्च कट्टी दावी गरेपनि पुँजीगत गरी खर्च दावी गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिदां करदाताले लिएको जिकिर तथ्यपूर्ण मान्न नसकिने हुदां शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

९. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णय तर्फ विचार गर्दा पुनरावेदक करदाताले आ.ब. ०७०/०७१ मा विक्री वितरण खर्च अन्तर्गत विज्ञापन खर्च भनेर दावी गरेको सम्पूर्ण भौचर तथा सो साथ संलग्न विल भरपाईहरुबाट समेत प्रष्ट देखिदैन।रिकभरी खर्च वित्तीय विवरणको अनुसुची १० मा उल्लेख भएकोले सो खर्चलाई पुष्टी गर्ने प्रमाण समेत पेश गर्न नसकेको, रिकभरि खर्च कम्पनीको निति अनुरुप ९० दिनभित्र भुक्तानी नआएका असामीहरुबाट रकम असुल उपर गर्न लगाई सोबाट निश्चित प्रतिशतले हुने रकममा आयकर ऐन अनुसार अग्रिम करकट्टी दाखिला गरेको जिकिर लिएपनि करदाताले क्रेडिट पोलिसीमा कुनै नीतिगत निर्णय नगरेको, सो खर्चलाई पुष्टी गर्ने आधिकारीक विल, भरपाई समेत पेश गर्न नसकेको स्पष्ट देखिन्छ।यसरी करदाताले मेश खर्चलाई कर्मचारीको खाजा उपलब्ध गराएको भनी **working lunch** अन्तर्गतको मेस खर्च वास्तविक खर्च दावी गरेको देखिए पनि विल भरपाई विनाको खर्चलाई खर्चकट्टी मान्न मिल्ने अवस्था देखिदैन।नेपाल उद्योग वाणिज्य महासंघको सदस्यता नविकरण आ.ब.०६८/०६९ र ०६९/०७० को एकमुष्ठ सदस्यता नविकरण शुल्क आ.ब.०७०/०७१ मा भुक्तानीमा खर्च गरिएको लेखिए पनि विगत आ.ब. हरुसंग सम्बन्धित भएको देखिएकोले आयकर ऐन,२०५८ को दफा १३(क) बमोजिम नभएकोले खर्च कट्टी नपाउदे देखिन्छ।

११. त्यस्तै करदाताले व्यापार प्रबद्धन खर्च वापत खर्च रकममध्ये जम्मा रु.३१,२८५/- हवाई कैन्सिलेसन शुल्क भनि दावी गरेको पाइयो।सो खर्च व्यवसायसंग सम्बन्धित नभै व्यक्तिगत प्रकृतिको भएको र टिकट क्यान्सिलेशन व्यवसायको कुनै आय आर्जनसंग सम्बन्धित भएको अवस्था देखिदैन।मर्मत तथा सुधार खर्चको खर्च कट्टीमा सि.सी.क्यामरा जडानमा गरेको रु.५४,१००।— लाई खर्च लेखेको पाइयो। पुँजीगत प्रकृतिका सामानमा भएको खर्च रकमलाई आयकर ऐन,२०५८ को दफा २१(३) बमोजिम खर्च कट्टी गर्न नपाइने र त्यस्तो खर्च पुँजीकृत गरि ह्रास खर्च दावी गर्नुपर्नेमा

सो अनुसार गरिएको पाइएन।सि.सी. क्यामरालाई चालु खर्चभित्र पर्न सक्ने अवस्था देख्न सक्ने कुनै स्पष्ट प्रमाण आधारबाट समेत प्रष्ट नभएको हुदाँ करदाताले लिएको जिकिर तथ्ययुक्त मान्न सक्ने देखिएन ।

१२. माथि विवेचित आधारमा स्थायी लेखा नं.३०००४११२३ का पुनरावेदक करदाता श्री सि.जी. इलेक्ट्रोनिक्स प्रा.लि.को आ.ब.०७०/०७१ को आयकर निर्धारणको सम्बन्धमा ठूला करदाता कार्यालयबाट मिति २०७२।०४।२१ मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनराबेदकको पुनराबेदक जिकिर पुग्न सक्दैन ।

## तपसिल

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू---------------------------------------------------१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू----------२

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू-------------------------------३

नरनाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाई
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः- सनिता लामा

फाँटः- (ख)

इतिसम्बत २०७६ साल माघ २३ गतेरोज ५ शुभम...........................................